नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## नुवाकोट




# वार्षिक कार्यप्रगति प्रतिवेदन

## आ.व. २०८९/०८०

# दुई शब्द



नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने उल्लेख छ । कार्यालयका कामकारवाहीहरु खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकुल असर पर्ने सम्वेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सु- सूचित हुने हकलाई संरक्षण र प्रचलन गराउन सूचनाको हक सम्बन्धि ऐन, २०६४ र नियमावली २०६५ जारी भएको छ ।

यसै कानूनी व्यवस्थाको पालनाका साथै जिल्ला प्रशासन कार्यालयबाट सम्पादन हुने कार्यहरु, सुशासनका लागि गरिएका प्रयास आदि बारे सरोकारवालालाई सुसूचित गर्ने, कार्यालयका समग्र गतिविधिलाई पारदर्शी तुल्याई आमनागरिक र सेवाग्राहीप्रति उत्तरदायी तथा जनमुखी उद्देश्यका साथ जिल्ला प्रशासन कार्यालयबाट आ.व. २०७९/०८०मा सम्पादन भएका गतिविध समावेश गरी यो वार्षिक कार्यप्रगति प्रतिवेदन प्रकाशित गरिएको छ ।यस वार्षिक कार्यप्रगति प्रतिवेदन तयार पार्न सहयोग पुऱ्याउनु हुने सहायक प्रमुख जिल्ला अधिकारी, प्रशासकीय अधिकृत तथा सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।



किरण थापा
प्रमखु जिल्ला अधिकारी

## यस भित्र ....


- पृष्ठभूमी
- नुवाकोट जिल्लाको सामान्य परिचय
- जिल्ला प्रशासन कार्यालय नुवाकोटको परिचय
- जिल्ला प्रशासन कार्यालय नुवाकोटको नागरिक वडापत्र
- जिल्ला प्रशासन कार्यालय नुवाकोटबाट यस आ.बमा भएका कामकारवाहीहरु
- बार्षिक कार्ययोजना अनुसारको गरीएका कार्यहरु
- जिल्लास्थित कार्यालय प्रमुखहरुको विवरण
- जिल्लास्थित स्थानीय तहका प्रमुख, उपप्रमुख विवरण
- विविध कार्यक्रमहरु तथा फोटोहरु


### सम्पादन मण्डल

प्र.जि.अ. श्री किरण थापा

स.प्र.जि.अ. श्री बेदनिधि अधिकारी

प्र.अ. श्री सुरेश खतिवडा

प्र.अ. श्री इन्द्र बहादुर खतिवडा

क.अ. रमेश जङ पाण्डे

## पृष्ठभूमि

जिल्लाको प्रशासनिक प्रमुख तथा नेपाल सरकारको स्थानीय प्रतिनिधिका रुपमा रहेका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला प्रशासन कार्यालयबाट जिल्लाको समग्र शान्ति सुरक्षाको व्यवस्थापन, सुशासन प्रवर्द्धन, विपद व्यवस्थापन, अर्धन्यायिक कार्य, स्थानीय प्रशासन, गुनासो सुनुवाई, उपभोक्ता हित, समन्वय, सहजीकरण लगायतका कार्यहरु सम्पादन हुँदै आइरहेको छ। मुलुकको परिवर्तित राज्य प्रणालीमा समेत यो निकायको भूमिका र जिम्मेवारीमा कुनै कमी आएको छैन ।अझ तीन तहका सरकार अन्तर्गतका निकायहरु बीच समन्वय कायम गर्दै संघीयतालाई मजबुत बनाउने दिशामा प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रशासन कार्यालयको भूमिकामा वृद्धि भएको छ ।

जिल्ला भित्र रहेका अन्य कार्यालयहरुबाट प्रवाह हुने सेवालाई समेत जनमुखी र प्रभावकारी बनाउने भूमिका खेल्दै आइरहेको जिल्ला प्रशासन कार्यालय नुवाकोटले पछिल्ला दिनमा सुशासन प्रवर्द्धनका क्षेत्रमा उल्लेख्य काम गर्दै आइरहेको छ ।बार्षिक कार्ययोजना निर्माण गरी केहि रचनात्मक र सृजनात्मक कार्यहरुको थालनी भएको छ।सूचनाको प्रवाह र पारदर्शिता सुशासनको प्रमुख स्तम्भ हो भन्ने कुरालाई आत्मसात गर्दै सूचना अधिकारीहरुको व्यवस्था गर्ने तथा वेवसाइट, फेसबुक पेज लगायतका माध्यमबाट कार्यालयका गतिविधिहरुको सार्वजनीकरण गर्ने कार्य भइरहेको छ ।यसै सन्दर्भमा जिल्ला प्रशासन कार्यालयबाट सम्पादन हुने कार्यहरु, सुशासनका लागि गरिएका प्रयास आदि बारे सरोकारवालालाई सुसूचित गर्ने उद्देश्यका साथ जिल्ला प्रशासन कार्यालयबाट आ.व. २०८९/०८०मा सम्पादन भएका गतिविधिहरु समावेश गरी यो वार्षिक कार्यप्रगति प्रतिवेदन प्रकाशित गरिएको छ ।

### प्रकाशनको उद्देश्य

- नेपालको संविधानको धारा २७ मा उल्लेखित सूचनाको हकलाई कार्यान्वयनमा ल्याई यस कार्यालयबाट आ.व. २०८९/०८० मा सम्पादन भएका कार्यहरुको सार्वजनिकीकरण गर्ने ।
- सार्वजनिक निकायसँग सम्बन्धित सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउने ।
- सूचना प्रासिका लागि कार्यालयसम्म आउनुपर्ने बाध्यताको अन्त्य गरी कार्यालयको वेभसाइटमार्फत सूचना उपलब्ध गराउने ।
- कार्यालयका समग्र गतिविधिलाई पारदर्शी तुल्याई आमनागरिक र सेवाग्राहीप्रति उत्तरदायी तथा जनमुखी प्रशासनको स्थापना गर्ने ।

# नुवाकोट जिल्लाको सामान्य परिचय




नेपालको मानचित्रमा साविकको मध्यमाञ्चल विकास क्षेत्रको वाग्मती अञ्चल अन्तर्गत र हाल बागमती प्रदेश अन्तर्गत नुवाकोट जिल्ला रहेको छ । यस जिल्ला राजधानी काठमाडौंको उत्तर पश्चिम दिशामा अवस्थित रहेको र एक ऐतिहासिक पृष्ठभूमीले चिनिएको जिल्ला हो । नुवाकोट नेपाल एकीकरणको इतिहाससँग सामरिक हिसाबले जोडिएको जिल्ला हो ।नेपालका कुनै पनि अञ्चलको सिमाना तथा अन्तर्राष्ट्रिय सिमानालाई समेत नछुने र भौगोलिक विभाजन अनुसार पहाडी प्रदेशमा अवस्थित यो जिल्ला झण्डै अर्ध–चन्द्राकार रुपमा पूर्व–पश्चिम फैलिएर रहेको छ ।यस जिल्लामा उच्च पहाडी क्षेत्रको पठार, हिमालको दक्षिणी ढाल, पहाडीक्षेत्रको विचमा यत्रतत्र छरिएर रहेका समथर बेंसी र टारहरू लगायतका विविध भौगोलिक विशेषताहरू पाउन सकिन्छ । भौगोलिक वनावटमा पहाडी भू–भागको अंश ७१ प्रतिशत, लेकाली भू–भागको अंश १८ प्रतिशत तथा टार, वेसी र समथर भू–भागको अंश ११ प्रतिशत रहेको छ । कुल १,१२१ वर्ग किलो मिटर क्षेत्रफलमा फैलिएको यस जिल्लाको सदरमुकाम बिदुर हो ।

## भौगोलिक अवस्थिती

**आक्षांश :**
२७° ४५' उत्तर देखी २८° २०' उत्तर सम्म

**देशान्तर :**
८५° पूर्व देखी ८५° ४५' पूर्व सम्म

**क्षेत्रफल :** ११२१ वर्ग कि. मी.

**उचाई :** समुन्द्र सतहबाट ४५७ मी. देखि ५१४४ मी. सम्म

**सदरमुकाम :** विदुर

**अञ्चल :** बाग्मती

**प्रदेश :** बाग्मती

**पूर्वमा :** काठमाण्डौ, सिन्धुपाल्चोक

**पश्चिममा :** धादिङ

**उत्तरमा :** रसुवा

**दक्षिणमा :** काठमाण्डौ, धादिङ

## भौगोलिक बनावट

(क) लेक (उच्च हिमाली) : २.२%

(ख) उच्च पहाड : ७१ %

(ग) मध्य पहाडी बेसिटार : ११%

## जिल्लाको राजनैतिक तथा प्रशासनिक विभाजन

| | |
|---|---|
| **संघीय निर्वाचन क्षेत्रः** | २ |
| **प्रदेश निर्वाचन क्षेत्रः** | ४ |
| **गाउपालिकाः** | १० |
| **नगरपालिकाः** | २ |
| **जम्मा वडाहरुः** | ८८ |

## जनसांख्यिक विवरण

**(२०७८ सालको जनगणना अनुसार)**

**कूल जनसंख्याः** २,६३,३९१

**महिलाः** १,३४,३९३(५१.२ प्रतिशत)


**पुरुषः** १,२८,९९८(४८.९७ प्रतिशत)

**लैङ्गिग अनुपातः** ९५.९९

**जम्मा परिवार संख्याः** ६८६७९

**औसत परिवार संख्याः** ३.८४

**जनघनत्वः** २३५ प्रति व.कि.मी.



यस जिल्लामा तादी र त्रिशुली नदीको संगम देविघाट र नुवाकोट सातत्ले दरवार जस्ता ऐतिहासिक महत्वका ठाउँहरू समावेश छन् । प्रशिद्ध धार्मिक क्षेत्र गोसाईकुण्ड र मनोरम पर्यटकीय हिमालीभेग लाङटाङ क्षेत्र जाने प्रमुख पर्यटकीय मार्ग रहेको नुवाकोट आजिल्ला मल्लकालीन समयमा पश्चिम नेपालको मूल ढोका, नेपालभोट (तिब्बत) वाणिज्य व्यापारको परम्परागत मुलद्धार पनि रहेको थियो ।नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्नु अघिसम्म"पश्चिम एक नम्वर" अन्तरर्गत रहेको यस जिल्लाको नामाकरण गोपाल वंशिय शासनकालदेखि नवकोट, नवकोट्य, नवक्वाथ, नौकोटबाट अपभ्रंश हुँदै हालको नुवाकोट रहन गएको ऐतिहासिक अनुश्रुति रहेको छ ।बेलकोट, मालाकोट, भैरुमकोट, धुवांकोट, कालिकाकोट, सल्यानकोट, सिमलकोट, धैवुङकोट र प्यासकोट जस्ता नौवटा कोटहरूको संगमभूमी भएकोले नुवाकोट नाम रहन गएको कुरा पनि उल्लेख छ।मल्लकालमा पश्चिम नेपालको प्रवेशद्धार मात्र होइन नेपालको तिब्बतसँग हुने व्यापारको प्रमुखमार्गको रुपमा समेत ख्याती प्राप्त यस जिल्लाको बेत्रावतीमा नेपाल–चिन युद्धपछि ऐतिहासिक"बेत्रावती सन्धि"भएको थियो। यस जिल्लासँग नेपाल एकीकरणको आधार शिविर, श्री ५ बडामहाराजाधिराज पृथ्विनारायण शाहको कार्यकालमा वि.सं. १८०१ देखि १८२५ सम्मको राजधानी, गिर्वाणयुद्ध विक्रमशाहको शासनकालमा शीतकालिन राजधानी, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको समाधिस्थल, बहादुर शाहको जन्मभूमी, भृकुटीको घर–माईती गर्ने बाटो, तत्कालिन नौतले दरवार (वि.सं. १९९० सालको महाभूकम्प पछि सात तले, प्रसिद्ध नुवाकोट भैरवी र जालपादेवीको मन्दिर आदि ऐतिहासिक तथा धार्मिक वैभव र सम्पदाहरू रहेका छन् । पृथ्वीनारायण शाहले काठमाण्डौ उपत्यका विजय गर्नु अघि निकै शक्तिशाली राज्यका रुपले चिनिएको नुवाकोट इतिहासका विद्यार्थीहरूको खुल्ला संग्रहालय हो।नुवाकोट दरबार परिसरमा धार्मिक हिसावले



महत्वपूर्ण मानिने भैरवी मन्दिर र तलेजु मन्दिर छन्। यस जिल्लामा भैरवी, जालपादेवी, दुप्चेश्वर महादेव, पञ्चकन्या, राममन्दिर, उग्रतारा, उत्तरगया, सुगतपुर विहार, बाराही, वासुकी, वाघ भैरव, भैरवकोट, जलेश्वरी, शिवालय, बच्छलादेवी आदि प्रमुख धार्मिक स्थलहरू हुन ।नुवाकोट जिल्लाको आर्थिक मेरुदण्ड मूलतः कृषि नै हो।कृषि कार्य भित्र पनि पशुपालन, अन्नबाली, नगदेबाली, फलफूल खेती, माछापालन र कुखुरापालन उल्लेखनीय रहेका छन् । त्रिशुली, वट्टार, विदुर जिल्लाको प्रमुख व्यापारिक केन्द्र हो भने यस अलावा ढिकुरे, छहरे, देविघाट, सामरी, देउराली, डावाचेत, चोगते, खरानीटार, आप्रह, सातविसे, समुन्द्रटार, ककनी, फेदीवेसी, चौघडा, बेत्रावती स्थानीय व्यापार क्षेत्र हो । यसै गरी ककनी, किस्पाङ, मेघाङ, चिसापानी, शिवपुरी, नुवाकोट दरवार क्षेत्र, सागरकुण्ड,देविघाट, उत्तरगया, बोल्देहीताल, पञ्चकन्या सुरुङ आदि अन्य ख्याति प्राप्त पर्यटकीय क्षेत्रहरू हुन ।

# जिल्ला प्रशासन कार्यालय, नुवाकोटको परिचय




मुलुकको दैनिक प्रशासन लगायत कानूनी राज्यको अवधारणालाई कार्यान्वयनमा ल्याई शान्ति सुरक्षा, अमनचयन र सुशासन कायम गर्ने सन्दर्भमा गृह प्रशासनको महत्वपूर्ण भूमिका रहन्छ । वि.सं. २०२८ सालमा जारी भएको स्थानीय प्रशासन ऐन २०२८ बमोजिम जिल्लाको गृह प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था अनुरुप नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत रहने जिल्ला प्रशासन कार्यालय नुवाकोटको स्थापना भएको हो ।

यस जिल्लामा २ वटा नगरपालिका र १० गाउँपालिका गरी १२ वटा स्थानीय तहहरू अन्तर्गत ८८ वटा वडाहरू रहेका छन् । यस कार्यालयले जिल्लाको सवै क्षेत्रमा शान्तिसुरक्षा, सुव्यवस्था, विपद् व्यवस्थापन, सार्वजिनक सेवा प्रवाह लगायत जिल्लाका विभिन्न कार्यालयहरूबीच संस्थागत समन्वय गर्दै, विकास निर्माणको अनुगमन गर्ने र सार्वजनिक अपराध सम्बन्धी मुद्धाहरू कारवाही र किनारा लगाउने समेतका कार्य गर्दै नेपाल सरकारको प्रतिनिधिको रुपमा रही सार्वजनिक सेवा वितरणमा प्रभावकारीता ल्याई सुशासनको प्रत्याभूति गर्ने समेतका कार्यहरू गर्दछ ।

# जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार

- जिल्लाको शान्ति सुरक्षा सम्वन्धी कार्यहरू गर्ने,
- स्थानीय प्रशासन सञ्चालन गर्ने,
- विपद् व्यवस्थापन सम्वन्धी कार्य गर्ने,
- नागरिकता सम्वन्धी सेवा प्रदान गर्ने,
- राहदानी, राष्ट्रिय परिचय पत्र सम्वन्धी सेवा प्रदान गर्ने,
- मुद्दा तथा ठाडो उजुरी सुनुवाई गर्ने,
- हातहतियार इजाजत तथा नवीकरण सेवा प्रदान गर्ने,
- संस्था दर्ता तथा नवीकरण सम्वन्धी सेवा प्रदान गर्ने,
- उजुरीको छानवीन सम्वन्धी कार्य गर्ने,
- सुशासन/ सार्वजनिक सेवा प्रवाह सम्बन्धी कार्य गर्ने,
- सवारी साधन संचालन सम्बन्धी कानूनको कार्यान्वयन गर्ने
- गैरसरकारी संघ संस्था दर्ता र नवीकरण गर्ने,
- सरकारी सम्पत्ति वा सार्वजनिक जग्गामा संरक्षण गर्ने,
- लागू औषध नियन्त्रण गर्ने,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम,मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण,
- कार्यालय निरीक्षण तथा अनुगमन,
- सुशासन प्रवर्दन,आख्तियार दुरुपयोग अनुशन्धान आयोग तथा राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त उजुरी छानविन
- संघ, प्रदेश र स्थानीय तह बिच समन्वय गर्ने
- चिट्ठा जुवा आदिको नियन्त्रण,
- मुआब्जा निर्धारण तथा वितरण,
- पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस,
- पुरातत्वयीक सम्पत्ति तथा जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पतीको रेखदेख,सम्भार र मर्मत गर्ने गराउने,
- जिल्ला स्थित कारागारको अनुगमन, नियमन र नियन्त्रण,
- द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण,
- विभिन्न सिफारिस,
- निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन,
- जिल्लास्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन,
- राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण,
- जिल्लामा संचालित विकास निर्माणका आयोजनाहरुमा सुरक्षा, समन्वय तथा सहजिकरण
- कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने,
- जिल्ला भित्रको सार्वजनिक पार्टी, पौवा, धारा, कुवा, सत्तल, मन्दिर र धर्मशाला आदिको लगत राख्ने,
- नेपाल सरकार र गृह मन्त्रालयबाट निर्देशित कार्यहरू।
- SEE/CTEVT लगायत परीक्षाको सुरक्षा व्यवस्था तथा अनुगमन गर्ने ।
- जिल्ला स्थित कुनै पनि कार्यालयहरुलाई नतोकेका कार्यहरु गर्ने ।
- विपन्न वर्गहरुलाई आर्थिक सहायता सम्बन्धी बैठक
- जिल्लामा अतिविशिष्ठ तथा विशिष्ठ व्यक्तिहरुको भ्रमण हुँदा सुरक्षा व्यवस्था मिलाउने ।

# नागरिक वडापत्र (CITIZEN CHARTER)

| शान्ति सुरक्षा | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | सेवाको विवरण | आवश्यक पर्ने कागजातहरू / प्रमाणहरू | लाग्ने समय | शुल्क | जिम्मेवार कर्मचारी/ शाखा | गुनासो सुन्ने अधिकारी |
| १ | **शान्ति सुरक्षा, ठाडो उजुरी** | • शान्ति सुरक्षा सम्बन्धी निवेदन वा जानकारी<br>• व्यहोरा सहितको ठाडो उजुरी र नागरिकताको फोटोकपी | तुरुन्त | रु.१० को टिकट | स.प्र.जि.अ. र शाखा हेर्ने नायब सुब्बा | प्रमुख जिल्ला अधिकारी |

| नागरिकता | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | सेवाको विवरण | आवश्यक पर्ने कागजातहरू / प्रमाणहरू | लाग्ने समय | शुल्क | जिम्मेवार कर्मचारी/ शाखा | गुनासो सुन्ने अधिकारी |
| २ | **वंशज नेपाली नागरिकता** | • अनुसूची १ को फारममा न.पा./गा.पा.को वडाको सिफारिस<br>• बुवा र आमाको नागरिकताको फोटोकपी<br>• बुवा, आमा वा वंशज तर्फ नाता खुल्ने कागजात सहित तीन पुस्ता भित्रको नातेदारको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र सनाखत<br>• जन्ममिति खुल्ने प्रमाण (शैक्षिक योग्यताको प्रमाणपत्र वा जन्मदर्ता) (एस.ई.ई. वा सो भन्दा माथि उत्तीर्ण गरेकाको हकमा शैक्षिक योग्यताको प्रमाणपत्र अनिवार्य)<br>• उक्त प्रमाणहरू पेश हुन नसकेमा वंशज खुल्ने प्रमाणहरू: विवाहित महिलाको हकमा पति नागरिकता प्रमाणपत्र, माइतीतर्फको वंशज (बाबु, आमा, दाजु, भाई) खुल्ने नागरिकता प्रमाणपत्र, विवाहदर्ता प्रमाणपत्र र पति वा वंशज तर्फ तीनपुस्ता भित्रको नातेदारको सनाखत<br>• बसाईसराई गरी आउनेको हकमा बसाईंसराईंको प्रमाणपत्र<br>• हालसालै खिचिएको दुवै कान देखिने अनुसूचीमा प्रमाणित गरिएको अटो साइजको फोटो २ प्रति | प्रमाण पुगेमा सोही दिन | रु.१० को टिकट | शाखा हेर्ने प्रशासकीय अधिकृत र नायब सुब्बा (कोठा नं. १०३) | सहायक प्रमुख जिल्ला अधिकारी |
| ३ | **वैवाहिक अंगीकृत नागरिकता (महिलाका लागि)** | • अनुसूची ७ को फारममा न.पा./गा.पा. वडाको सिफारिस<br>• पतिको नागरिकता प्रमाणपत्र र विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि<br>• विदेशी नागरिकता परित्याग गर्न कारवाही चलाएको प्रमाण (हुलाकको छाप सहित)<br>• पतिको सनाखत, पति नभएमा नाता खुल्ने प्रमाण सहित नजिकको नातेदार (ससुरा, सासू, जेठाजु र देवर) को सनाखत<br>• हालसालै खिचिएको दुवै कान देखिने अनुसूचीमा प्रमाणित गरिएको अटो साइजको फोटो २ प्रति | प्रमाण पुगेमा सोही दिन | रु.१० को टिकट | स.प्र.जि.अ., शाखा हेर्ने प्रशासकीय अधिकृत र नायब सुब्बा (कोठा नं. १०३) | प्रमुख जिल्ला अधिकारी |
| ४ | **(क) नेपाली नागरिकता को प्रतिलिपि**<br><br>**(ख) नेपाली नागरिकता को संशोधित प्रतिलिपि** | • तोकिएको ढाँचा अनुसारको नागरिकता प्रमाणपत्रको प्रतिलिपि अनुसूची फारममा पूरा विवरण भरी गा.पा./न.पा. वडाको सिफारिस (नागरिकता प्रमाणपत्र नम्बर वा जारी मिति खुलेको हुनु पर्ने)<br>• हालसालै खिचिएको दुवै कान देखिने अनुसूचीमा प्रमाणित गरिएको अटो साइजको फोटो २ प्रति<br><u>(ख) को हकमा थप कागजातहरू :</u><br>• बसाईंसराईं गरी आएका अन्य जिल्लाहरूबाट नागरिकता प्रमाणपत्र लिएका व्यक्तिका हकमा बसाईंसराईं दर्ताको प्रमाणपत्र<br>• विवाहित महिलाको हकमा पतिको ना.प्र.प र विवाहदर्ता प्रमाणपत्र र पति वा एकाघरको ससुरा वा सासू वा जेठाजु वा देवरको नाता खुल्ने प्रमाण सहित सनाखत<br>• दलितहरूको थर परिवर्तन गर्नु परेमा राष्ट्रिय दलित आयोगबाट प्रकाशित थर सूचीमा रहेको थर बमोजिम हुनेगरी वडा कार्यालयको यकीन सिफारिस | प्रमाण पुगेमा सोही दिन | रु.१३ को टिकट | शाखा हेर्ने प्रशासकीय अधिकृत र नायब सुब्बा (कोठा नं. १०३) | सहायक प्रमुख जिल्ला अधिकारी |
| ५ | **नाबालक परिचयपत्र** | • तोकिएको ढाँचाको निवेदन<br>• बुवा आमाको नागरिकता प्रमाणपत्र फोटोकपी<br>• बसाईंसराई गरी आउनेको हकमा बसाईंसराईंको प्रमाणपत्र<br>• जन्ममिति खुल्ने प्रमाण (शैक्षिक योग्यताको प्रमाणपत्र वा जन्मदर्ता )<br>• कर्मचारी परिवारको हकमा कार्यालयको सिफारिस<br>• नावालकको हालसालै खिचिएको दुवै कान देखिने सिफारिस पत्रमा प्रमाणित गरिएको पासपोर्ट साइजको फोटो ५ प्रति | प्रमाण पुगेमा सोही दिन | रु.१० को टिकट | शाखा हेर्ने प्रशासकीय अधिकृत र नायब सुब्बा (कोठा नं. १०६) | सहायक प्रमुख जिल्ला अधिकारी |
| | | • नावालक परिचयपत्र हराई वा झुत्रो भई प्रतिलिपि लिनु पर्ने भएमा सिफारिस तथा सक्कलै झुत्रो तथा व्यहोरा खुल्ने प्रमाण | प्रमाण पुगेमा सोही दिन | रु.१३ को टिकट | | |

## राहदानी

| क्र.सं. | सेवाको विवरण | आवश्यक पर्ने कागजातहरू / प्रमाणहरू | लाग्ने समय | शुल्क | जिम्मेवार कर्मचारी/ शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| ६ | राहदानी | • राहदानी आवेदन फारम २ प्रति<br>• नागरिकता प्रमाणपत्रको सक्कल र फोटोकपी<br>• हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साइजको फोटो २ प्रति<br>• वसाईसरी आएको हकमा वसाईसराईको प्रमाणपत्र<br>• विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाण र पतिको नागरिकता<br>• कर्मचारी परिवारको हकमा कार्यालयको सिफारिस म्याद सकिएको वा पाना सकिएको भए त्यस्तो सक्कलै राहदानी<br>• नावालकको हकमा नावालक परिचय पत्र बाबु र आमाको नागरिकता प्रमाणपत्रको फोटोकपी, संरक्षक भएको हकमा निजको नागरिकता प्रमाणपत्र र संरक्षक प्रमाणित<br>• राहदानी हराएको च्यातिएको, केरमेट भएको, डढेको, पानीले भिजेको र ट्राभल डकुमेन्ट भएकाको हकमा नागरिकता प्रमाणपत्रको फोटोकपी २ प्रति र हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ३ प्रति | राहदानी विभाग बाट प्राप्त हुनासाथ | सामान्य रु.५,०००।- १० बर्ष मुनिका बालबालिकाको हकमा उल्लेखित राजश्वको आधा लाग्नेछ। हराएमा र झुत्रो भएमा उल्लेखित राजश्वमा थप रु. ५,०००।- लाग्नेछ | शाखा हेर्ने प्रशासकीय अधिकृत र नायव सुब्बा (कोठा नं. १०४) | सहायक प्रमुख जिल्ला अधिकारी / राहदानी विभाग |
| | राहदानी द्रूत सेवा सिफारिस | • नागरिकता/नावालक परिचयपत्रको सक्कल र प्रतिलिपि<br>• सिफारिस फारम<br>• नेपाल भित्रबाट एक पटक MRP लिइ सकेकाको हकमा द्रूत सिफारिस आवश्यक नपर्ने (सिधै राहदानी विभागमा सम्पर्क गर्ने) | प्रकृया पुगे पछि | निशुल्क | शाखा हेर्ने प्रशासकीय अधिकृत र नायव सुब्बा (कोठा नं. १०८) | सहायक प्रमुख जिल्ला अधिकारी |

## प्रमाणित सिफारिस

| क्र.सं. | सेवाको विवरण | आवश्यक पर्ने कागजातहरू / प्रमाणहरू | लाग्ने समय | शुल्क | जिम्मेवार कर्मचारी/ शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| ७ | नागरिकता प्रमाणपत्र र शैक्षिक योयताको प्रमाणपत्रमा थर, उमेर, ठेगाना फरक परेको विवरण सम्बन्धी | • सम्बन्धित न.पा./गा.पा. वडाको सिफारिस<br>• नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>• शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि<br>• राष्ट्रिय परीक्षा वोर्ड (साविक परीक्षा नियन्त्रण कार्यालय)/क्षे.शि.नि.मा व्यहोरा सच्याउन सिफारिस गर्नुपर्दा एस.ई.ई. उत्तीर्ण गरेको ६ महिना भित्र शिक्षा विकास तथा समन्वय इकाईको सिफारिस सहित आवेदन दिई सकेको हुनु पर्नेछ। | प्रकृया पुगे पछि | रु.१० को टिकट | स.प्र.जि.अ., शाखा हेर्ने प्रशासकीय अधिकृत र नायव सुब्बा (कोठा नं. १०६) | प्रमुख जिल्ला अधिकारी |
| ८ | जनजाति/दलित/मुस्लिम अल्पसंख्यक जाति प्रमाणित | • सम्बन्धित न.पा./गा.पा. को वडाको सिफारिस<br>• नागरिकता प्रमाणपत्रको प्रतिलिपि | प्रमाण पुगेमा सोहि दिन | रु.१० को टिकट | शाखा हेर्ने प्रशासकीय अधिकृत र नायव सुब्बा (कोठा नं. १०६) | सहायक प्रमुख जिल्ला अधिकारी |
| ९ | भारतीय/ब्रिटिस/ नेपाली भूतपूर्व पेन्सन सिफारिस | • सम्बन्धित न.पा./गा.पा.को वडाको सिफारिस<br>• नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>• पेन्सन पट्टा प्रमाणपत्रको प्रतिलिपि<br>• अन्य प्रमाणहरू<br>• हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साइजको फोटो २ प्रति | प्रमाण पुगेमा सोहि दिन | रु.१० को टिकट | स.प्र.जि.अ., शाखा हेर्ने प्रशासकीय अधिकृत र नायव सुब्बा (कोठा नं. १०६) | प्रमुख जिल्ला अधिकारी |

## विपद् राहत

| क्र.सं. | सेवाको विवरण | आवश्यक पर्ने कागजातहरू / प्रमाणहरू | लाग्ने समय | शुल्क | जिम्मेवार कर्मचारी/ शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १० | विपद् राहत | • प्रहरी संचार<br>• घटनास्थल प्रहरी मुचुल्का<br>• स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिस/वडा कार्यालयको सिफारिस<br>• मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि (मृत्यु भएमा)<br>• राहत पाउने एकाघरको नाता प्रमाणित (मृत्यु भएमा) | तुरून्त | निःशुल्क | स.प्र.जि.अ., शाखाहेर्ने प्रशासकीय अधिकृत र नायव सुब्बा | प्रमुख जिल्ला अधिकारी |

| हातहतियार तथा विष्फोटक पदार्थ | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | सेवाको विवरण | आवश्यक पर्ने कागजातहरू / प्रमाणहरू | लाग्ने समय | शुल्क | जिम्मेवार कर्मचारी/ शाखा | गुनासो सुन्ने अधिकारी |
| ११ | **हातहतियार तथा विष्फोटक पदार्थ इजाजतपत्र** | • नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>• न.पा./गा.पा. को वडाको सिफारिस<br>• निरोगिताको प्रमाण<br>• प्रहरी प्रतिवेदन | प्रकृया पुगे पछि | रु.१० को टिकट तथा हातहतियार तथा खरखजाना नियमावली बमोजिम | स.प्र.जि.अ., शाखा हेर्ने प्रशासकीय अधिकृत र नायव सुव्बा (कोठा नं. १०६) | प्रमुख जिल्ला अधिकारी |
| १२ | **हातहतियार नामसारी** | • तोकिएको ढाँचाको निवेदन<br>• हातहतियार लिने र दिने दुवैको नागरिकता प्रमाणपत्रको फोटोकपी र मन्जुरीनामा,<br>• सक्कलै इजाजतपत्र<br>• हकदार भएमा नाता खुल्ने प्रमाण | प्रकृया पुगे पछि | रु.१० को टिकट तथा हा.श.नि.बमोजिम | स.प्र.जि.अ., शाखा हेर्ने प्रशासकीय अधिकृत र नायव सुव्बा (कोठा नं. १०६) | प्रमुख जिल्ला अधिकारी |
| १३ | **हातहतियार तथा विष्फोटक पदार्थनवीकरण** | • सम्बन्धित व्यक्तिको निवेदन, नागरिकता प्रमाणपत्र प्रतिलिपि र सक्कल इजाजत पत्र<br>• न.पा./गा.पा. को वडाको सिफारिस<br>• हातहतियार नवीकरण गर्दा स्थानीय प्रहरीको समन्वयमा हातहतियार र त्यसमा प्रयोग हुने अन्य सामग्री सहित उपस्थित हुनु पर्ने | प्रकृया पुगे पछि | रु.१० को टिकट तथा हा.ख.नि. बमोजिम | शाखा हेर्ने प्रशासकीय अधिकृत र नायव सुव्बा (कोठा नं. १०६) | सहायक प्रमुख जिल्ला अधिकारी |

| संस्था, पत्रपत्रिका तथा छापाखाना | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | सेवाको विवरण | आवश्यक पर्ने कागजातहरू / प्रमाणहरू | लाग्ने समय | शुल्क | जिम्मेवार कर्मचारी/ शाखा | गुनासो सुन्ने अधिकारी |
| १४ | **संस्था दर्ता** | • तोकिएको ढाँचा बमोजिम निवेदन<br>• तोकिएको ढाँचा बमोजिमको विधान३ प्रति<br>• कार्य समितिको पदाधिकारीहरूको ना.प्र .प.को फोटोकपी<br>• सम्बन्धित न.पा./गा.पा.को सिफारिस<br>• संस्था स्थापना गर्ने भेलाको निर्णय फोटोकपी<br>• अधिकार प्रत्यायोजन | प्रकृया पुगेपछि | रु.१००० | स.प्र.जि.अ., शाखा हेर्ने प्रशासकीय अधिकृत र नायव सुव्बा (कोठा नं. १०६) | प्रमुख जिल्ला अधिकारी |
| १५ | **संस्था नवीकरण** | • लेखापरीक्षण प्रतिवेदन (Audit Report)<br>• सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>• कार्य समितिको निर्णयको फोटोकपी<br>• करचुक्ता प्रमाणपत्र<br>• बार्षिक प्रगति विवरण<br>• सक्कल प्रमाणपत्र<br>• अडिटरको करचुक्ताको प्रमाणपत्रको फोटोकपी | प्रकृया पुगेपछि | आ.व.को असोज मसान्त सम्म रु.५००।- , पुस मसान्त सम्म रु.६००।-, असार मसान्तसम्म रु.७५० र अर्को वर्षका लागि रु.१००० | शाखा हेर्ने प्रशासकीय अधिकृत र नायव सुव्बा (कोठा नं. १०६) | सहायक प्रमुख जिल्ला अधिकारी |
| १६ | **पत्रपत्रिका दर्ता** | • तोकिएको ढाँचा बमोजिम निवेदन र हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ३ प्रति<br>• प्रकाशक संस्था भए सो सम्बन्धी सम्पूर्ण प्रमाण<br>• प्रकाशकले सम्पादक नियुक्ति गरेको प्रमाण र सम्पादकले पत्रिकामा सम्पादक रही काम गर्ने मञ्जुरीनामा<br>• सम्पादकको शैक्षिक योग्यता प्रमाणपत्रका फोटोकपी र नागरिकता प्रमाणपत्र फोटोकपी<br>• स्वीकृत छापाखानाबाट पत्रिका छाप्न स्वीकृति दिएको सिफारिस, छापाखाना दर्ताको प्रमाणपत्रको फोटोकपी र करचुक्ताको प्रमाणपत्रको फोटोकपी | प्रकृया पुगेपछि | नियमानुसार | स.प्र.जि.अ., शाखा हेर्ने प्रशासकीय अधिकृत र नायव सुव्बा (कोठा नं. १०६) | प्रमुख जिल्ला अधिकारी |
| १७ | **छापाखाना सञ्चालन इजाजत** | • छापाखाना दर्ताको प्रमाणपत्र र फोटोकपी<br>• व्यक्ति वा संस्थाको निवेदन, संस्था भए सम्पूर्ण प्रमाण, निर्णय र सञ्चालकको विवरणको फोटोकपी<br>• करदाता प्रमाणपत्र, छापाखाना सञ्चालन गर्ने घरजग्गाको प्रमाण, अन्य व्यक्तिको भए मन्जुरीनामा, छापाखाना उपकरणहरू खरिद गरेको वा नामसारी भई आएमा सोको प्रमाण र फोटोकपी<br>• हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ३ प्रति | प्रकृया पुगेपछि | नियमानुसार | स.प्र.जि.अ., शाखा हेर्ने प्रशासकीय अधिकृत र नायव सुव्बा (कोठा नं. १०६) | प्रमुख जिल्ला अधिकारी |

# सेवाग्राहीमैत्री कार्यालय व्यवस्थापन

क) राहदानी र राष्ट्रिय परिचय पत्रको फारम कार्यालय परिसरमा नै नि:शुल्क भर्ने व्यवस्था मिलाईएको ।

ख) कार्यालयहरूमा सेवाग्राहीहरूलाई सेवा प्रवाहमा सहजीकरणका **नागरिक सहायता कक्ष** (Help Desk) स्थापना तथा सञ्चालन गरिएको

ख) कार्यालयहरूमा सेवाग्राहीहरूको लागि Free WiFi, Television, First Aid Kit, **शुद्ध खानेपानी (तातो/चिसो) व्यवस्था गरिएको।**

ग) जिल्ला प्रशासन कार्यालयको हाताभित्र कार्यालयका कर्मचारीहरूको सहभागितामा नियमित सरसफाई गरी कार्यालयको समग्र आकर्षण अभिवृद्धि गरिएको ।

## आ.व. २०७९/०८० मा सम्पादित कार्यहरुको विवरण

### प्रशासन शाखा

| क्र.सं. | कार्यको विवरण | आ.ब.०७९/८० | कैफियत |
|---|---|---|---|
| १. | संस्था दर्ता | १४ | |
| २. | नाबालक परिचय पत्र जारी | ३६० | |
| ३. | ठाडो उजुरी दर्ता | १४८ | |
| ४. | पत्रपत्रिका दर्ता | ० | |
| ५. | छापाखाना दर्ता | ० | |
| ६. | विविध सिफारिस | ८२९ | |
| ७. | तिब्बती शरणार्थीको परिचय पत्र नविकरण | ० | |
| ८. | शरणार्थीको लागि यात्रा अनुमति सिफारिस | ० | |
| ९. | संस्था नवीकरण | १८० | |
| १०. | हातहतियार नवीकरण | १० | |
| ११. | हातहतियार नामसारी | ० | |
| १२. | भू.पु.सैनिक पेन्सन (सिफारिस) | १०० | |
| १३. | विस्फोट पदार्थ इजाजतपत्र नविकरण | ४५ | |
| १४. | विस्फोट पदार्थ इजाजतपत्र | ७ | |
| १५. | ड्रोन उडान अनुमति | १ | |

### बैठकको विवरण

| क.सं. | कार्यको विवरण | आ.ब.०७९/८० | कैफियत |
|---|---|---|---|
| १. | जिल्ला सुरक्षा समिति | ३० | |
| २. | जिल्ला विपद् व्यवस्थापन समिति | ३ | |
| ३. | कार्यालय प्रमुख | १२ | |
| ४. | विविध | ८४ | |

## राष्ट्रिय परिचयपत्र दर्ता स्टेशन

| क.सं. | कार्यको विवरण | आ.ब.०७९/८० | कैफियत |
|---|---|---|---|
| १. | राष्ट्रिय परिचयपत्र दर्ता | २४४०६ | |
| २. | राष्ट्रिय परिचयपत्र वितरण | ० | |

## नागरिकता शाखा

| क.सं. | कार्यको विवरण | आ.ब.०७९/८० | कैफियत |
|---|---|---|---|
| १. | बंशजको आधारमा नयाँ नागरिकता वितरण | ९०९२ | |
| २. | प्रतिलिपि नागरिकता वितरण | ११४०० | |
| ३. | बैवाहिक अंगिकृत नागरिकता वितरण | १ | |
| ४. | पुरानो नागरिकता अभिलेखिकरण | ८४ | |

## राहदानी शाखा

| क.सं. | कार्यको विवरण | आ.ब.०७९/८० | कैफियत |
|---|---|---|---|
| १. | विद्युतिय राहदानीको बायोमेट्रिक आवेदन | १४७९२ | |
| २. | राहदानी वितरण | १२७८८ | |
| ३. | वितरण हुन बाँकी राहदानी | ६१३ | |

## लेखा शाखा

### क.राजस्व र धरौटी तर्फ

| क्र.सं. | राजश्व तथा घरौटीको विवरण | आ.ब.०७९/८० | कैफियत |
|---|---|---|---|
| १. | सरकारी सम्पत्तिबाट बिक्रिबाट प्राप्त | ३५००० | |
| २. | परिक्षा दस्तुर | १७७०० | |
| ३. | राहदानी दस्तुर | ७४३११९०० | |
| ४. | एजेन्सी रजिष्ट्रेशन दस्तुर | ३२६९८७ | |
| ५. | हातहतियार इजाजत दस्तुर | ४२७५० | |
| ६. | प्रशासनीक दण्ड,जरिवाना र जफत | २०५७७१ | |
| ७. | बेरुजु असुली | ५००० | |
| | **जम्मा राजस्व** | **७४९४५१०८** | |

## मुद्दा शाखा

| क्र.सं. | कार्यको विवरण | | कैफियत |
|---|---|---|---|
| १. | सार्वजनिक शान्ति विरुद्ध कसूर | ३५ | |
| २. | कालो बजारी | ० | |
| ३. | जुवा सम्बन्धी | १ | |
| ४. | विविध( नागरिकता) | २ | |
| ५. | जम्मा दर्ता संख्या | ३८ | |
| **५.** | **यस आ.व. मा दर्ता भएको फछ्यौंट संख्या** | **२६** | |
| **६.** | **गत आ.व.को जिम्मेवारी सरी फछ्यौंट संख्या** | **२७** | |
| **७.** | **कुल फछ्यौंट संख्या** | **५३** | |

## बजार अनुगमन

| क्र.सं. | कार्यको विवरण | आ.ब.०७९/८० | कैफियत |
|---|---|---|---|
| १. | बजार अनुगमन गरिएको कुल पटक | १८ | |
| २. | अनुगमन गरिएको पसल संख्या | १७९ | |
| ३. | जारीवाना | २००० | |

### कार्यालय अनुगमन

| क्र.सं. | कार्यको विवरण | आ.ब.०७९/८० | कैफियत |
|---|---|---|---|
| १. | कार्यालय अनुगमन गरिएको कुल पटक | ८ | |
| २. | अनुगमन गरिएको संख्या | ३१ | |

### आ.व. २०७९/०८० मा वितरण भएको राहत सम्बन्धि विवरण

| सि.नं. | राहत प्रदान गरिएको व्यक्तिको नाम थर | ठेगाना | क्षतिको किसिम | नगद राहत | मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | डकपा रिङचेन लामा | म्यागङ-२ | आगलागी | १००००।- | २०७९/०९/०७ | रेडक्रम मार्फत त्रिपाल भाडाँवर्तन आदि प्रदान गरिएको |
| २. | कुन्सा ग्याल्जेन शेर्पा | दुप्चेश्वर-१ | आगलागी | १५०००।- | २०७९/०९/२१ | |
| ३. | विश्वनाथ पुडासैनि | बेलकोटगढी-८ | आगलागी | २००००।- | २०७९/११/१५ | |
| ४. | सुरेश श्रेष्ठ | लिखु-१ | आगलागी | १५०००।- | २०७९/१२/०८ | |
| ५. | रामेश्वर अधिकारी | विदुर-९ | आगलागी | २००००।- | २०७९/१२/०८ | |
| ६. | देवेन्द्र मैनाली | तादी-४ | आगलागी | १५०००।- | २०७९/१२/२१ | |
| ७. | सानु कान्छा मिजार | विदुर-९ | आगलागी | १५०००।- | २०७९/१२/२१ | |
| ८. | पञ्च नारायण मान्नधर | ककनी-२ | आगलागी | १५०००।- | २०८०/०१/३१ | |
| ९. | प्रमोद तिमलसिना | सूर्यगढी-४ | आगलागी | १२०००।- | २०८०/०२/०१ | |
| १०. | छन्या लामा तामाङ | म्यागङ-४ | आगलागी | १५०००।- | २०८०/०२/०४ | |
| ११. | प्रदिप तिमलसिना | सूर्यगढी-४ | आगलागी | १५०००।- | २०८०/०२/१६ | |
| १२. | टोप कुमार पुडासैनि | विदुर-१ | आगलागि | १३००० | २०८०/०२/०३ | |
| १३. | मन कुमार तामाङ | सुर्यगढी-४ | मृतक राहत | २००००० | २०८०/०३/११ | |

# कार्य योजना अनुसार सम्पादित तथा अन्य कार्यहरु

| सि.नं. | आ.व २०७९।०८० मा सम्पादित क्रियाकलाप तथा कार्यहरु |
|---|---|
| १. | SEE, कक्षा १२ र CTEVT आदि परीक्षाहरुको प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखहरुबाट अनुगमन गरिएको । |
| २. | विशिष्ट तथा अतिविशिष्ट व्यक्तिहरुको भ्रमणको समयमा त्रुटिरहित सुरक्षा व्यवस्था मिलाईएको । |
| ३. | जिल्ला भित्र संचालित विकास निर्माणका आयोजनाहरु गल्छी त्रिशुली मैलुङ स्याफ्रुबेसी रसुवागढी सडक, मध्य पहाडि लोकमार्ग, विद्युत आयोजनाहरुको स्थलगत अवलोकन गरी |

| | |
|---|---|
| | मुआब्जा लागएतका समस्याहरु समाधान गर्न सहजिकरण गरिएको । |
| ४. | सेवाग्राहीहरूलाई सेवा प्रवाहमा सहजीकरणका लागि **नागरिक सहायता कक्ष (Help Desk)** स्थापना तथा प्रभावकारी सञ्चालन गरिएको । |
| ५. | कार्यालयहरूमा सेवाग्राहीहरूको लागि **Free Wi Fi,Television, First Aid Kit, शुद्ध खानेपानी (तातो/चिसो), Mobile Charging Station** व्यवस्था भएको। |
| ६. | कार्यालयहरूमा **अपांगमैत्री कार्यालय व्यवस्थापन (परिसर,र्‍याम्प), स्तनपान कक्ष, लैङ्गिकमैत्री शौचालय**को व्यवस्थापन गर्ने। |
| ७. | कार्यालयको राहदानी शाखामा **सेवाग्राहीमैत्री प्रतिक्षालय कक्ष** निर्माण गरिएको । |
| ८. | कार्यालयमा **डिजिटल नागरिक बडापत्र (Digital Citizen Charter)** समेत रहेको। |
| ९. | कार्यालय परिसरलाई सफा, स्वच्छ र हरियाली वनाईएको। |
| १०. | सूचनाको हक सम्वन्धी ऐनको व्यवस्थाअनुसार कार्यालयका ३/३ गतिविधिहरूलाई **स्वत:प्रकाशन (Proactive Disclosure)** मार्फत अनिवार्य सार्वजनिक गर्ने र वार्षिक प्रगति अवस्था समेत सार्वजनिक गरिएको। |
| ११. | नुवाकोटस्थित सबै सरकारी कार्यालयका गतिविधिहरूको नियमित तथा आकस्मिक **अनुगमन तथा सुपरीवेक्षण** गरिएको |
| १२. | उपभोक्ता हित प्रवर्द्धन हुनेगरी स्थानीय तहसंगको समन्वयमा वजार अनुगमन योजनाका आधारमा नियमित तथा आकस्मिक रुपमा **वजार अनुगमन** गरिएको । |
| १३. | विपद पूर्वतयारी तथा प्रतिकार्य योजना (**Disaster Preparedness and Response Plan-DPRP**), मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा तर्जुमा, परिमार्जन तथा कार्यान्वयन गरिएको । |
| १४. | विपद्को प्रकृति अनुसार **QRT** गठन गर्ने तथा परिचालनका व्यवस्था मिलाईएको । |

## जिल्लास्थित कार्यालय प्रमुख

| सिनं. | कार्यालयको नाम | नाम थर | कार्यालय मोवाई नं. | व्यक्तिगत नं | कार्यालयको फोन नं. |
|---|---|---|---|---|---|
| १) | नुवाकोट जिल्ला अदालत | मा.न्या.जि. मदन बहादुर धामी<br>श्रेष्तेदार इन्द्र कुमार खड्का | | ९८६०५६८६७७ | ०१०-५६०२३४ |
| २) | जिल्ला प्रशासन कार्यालय | प्र अ.जि.किरण थापा | ९८५११४७७७७ | | ०१० – ५६००३३ |
| ३) | श्री जबर जंग गण | प्र अरुण .से.कार्की | ९८५१२११६४३ | | ०१० – ५६०५९९ |
| ४) | नंतालीम गण त्रिशुली १ . | प्र.से. सुनिल घिमिरे | ९८५१२११८७७ | | ०१० – ५६०१०६ |
| ५) | जिल्ला प्रहरी कार्यालय | रमेश पण्डित | ९८५१२९५५५५ | | ०१० – ५६११९९ |
| ६) | सशस्त्र प्रहरी बल तालिम केन्द्र ककनी | दिपेन्द्र शाह | ९८५१२६०४३५ | | |
| ७) | सशस्त्र प्रहरी बल नंगुल्म १९ . | उत्तम पुडाशैनी | ९८५१२७२५३४ | | ९८५१२७२५३४ |
| ८) | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | कमल बथापा. | ९८५११७२२५० | | ०१० – ५६०२५० |
| ९) | जिल्ला समन्वय समिति | प्रकाशराज पौडेल | ९८५११६७८५५ | | ०१० – ५६१२२० |

| | | | | | |
|---|---|---|---|---|---|
| १०) | कोष तथा लेखा नियन्त्रक कार्यालय | भिम प्रकाश देवकोटा | ९८५११६८३३९ | | ०१० – ५६१३३९ |
| ११) | जलश्रोत तथा सिंचाई बिकास डिभिजन | हरि प्रसाद गुरागाई | ९८५११५०९०९ | | ०१० – ५६०९०९ |
| १२) | सडक डिभिजन नुवाकोट | अमृतमणि रिमाल | ९८५१२४९२८५ | | ०१० – ५६०२५३ |
| १३) | सहरी विकास तथा भवन कार्यालय | सञ्जय पाण्डे | ९८५१२३२१७९ | | ०१० – ५६०१७९ |
| १४) | खानेपानी तथा सरसफाई कार्यालय | रविन श्रेष्ठ | ९८५१२५४५२७ | | ०१० – ५६००६२ |
| १५) | शिक्षा विकास तथा समन्वय इकाई | देब कुमार बराल | ९८५११७७०५७ | | ०१० – ५६००५७ |
| १६) | प्रकृषि आधुनिकिकरण परियोजना . कार्यान्वयन इकाइ | कृष्ण प्रउपाध्याय. | ९८५११२६२१६ | | ०१० – ५६०२१६ |
| १७) | मालपोत कार्यालय | होमनाथ सोढाइ | ९८५१२३०१६५ | | ०१० – ५६०१६५ |
| १८) | भेटनरी अस्पताल तथा पशु विज्ञ केन्द्र | भरत पाण्डे | ९८५१२२०६९४ | ९८५१२५४०११ | ०१० – ५६००१२ |
| १९) | डिभिजन बन कार्यालय | दिर्घ नारायण कोइराला | ९८५११४५००७ | | ०१० – ५६०००७ |
| २०) | स्वास्थ्य कार्यालय | देवराज पोखरेल | ९८५११७९३५५ | | ०१० – ५६०२५५ |
| २१) | जिल्ला निर्वाचन कार्यालय | जयप्रकाश गौतम | ९८५६०४०९७६ | | ०१० – ५६०८७७ |
| २२) | उपोष्ण प्रदेशिय वागवानी विकास केन्द्र | रविन्द्र काजि थापा | ९८५१२३००६९ | | ०१० – ५६००६९ |
| २३) | जिल्ला अस्पताल | डादिपेन्द्र पाण्डे. | ९८५११६८१८८ | ९८४१८४४१०९ | ०१० – ५६०१८८ |
| २४) | पूर्वाधार विकाश कार्यालय | बिरेन्द्र कुमार बज्राचार्य | ९८५११६०८५९ | | ०१० – ५६०८५९ |
| २५) | जिल्ला सरकारी वकिल कार्यालय | | ९८५१२३३०६१ | | ०१० – ५६००६१ |
| २६) | कृषि ज्ञान केन्द्र | केशव खनाल | ९८५११५०१२८ | | ०१० ५६०१२८ |
| २७) | कारागार कार्यालय नुवाकोट | गंगालाल योगी | ९८५१२४०७७७ | | ०१० – ५६०४५४ |
| २८) | नापी कार्यालय नुवाकोट | सञ्जिब कुमार सिंह | ९८५११७६२५१ | | ०१० – ५६०२५१ |
| २९) | जिल्ला हुलाक कार्यालय | निअधिकारी.गोपाल कु. | ९८५११६७१९७ | ९८५६०८५४९१ | ०१० – ५६००९५ |
| ३०) | तथ्याङक कार्यालय | नरेन्द्र शर्मा भट्ट | ९८५११९३२५२ | | ०१० – ५६०२५२ |
| ३१) | शैक्षिक तालिम केन्द्र | हरि प्रसाद नेपाल | ९८५१०००६०८ | | ०१० – ५६०२३३ |
| ३२) | जिल्ला आर्युवेद स्वास्थ्य केन्द्र | डा रोजिना.ताम्राकार | ९८५१२४१०९५ | ९८४१७०३१०० | ०१० – ४१०००२ |
| ३३) | मत्स्य अनुसन्धान केन्द्र त्रिशुली | ईश्वरी महतो | ९८५११६०२२६ | | ०१० – ५६०२२६ |
| ३४) | स्मारक संरक्षण तथा दरबार हेरचाह | अर्जुन प्रफुयाल . | ९८५१२३१९२७ | | ०१० – ६८१०७४ |
| ३५) | मध्य पहाडी लोकमार्ग सम्पर्क कार्यालय | | ९८५१०३३२७६ | | |
| ३६) | गल्छी त्रिशुली मैलुङ्ग सडक योजना | ध्रुव कुमार श्रेष्ठ | ९८५११२७८४२ | ९८५६०२६८४२ | ०१०–५६०८९१ |
| ३७) | भेडा विकास फर्म | छविलाल अधिकारी | ९८५११४०४६२ | | ०१० – ५६०४६२ |
| ३८) | घरेलु तथा साना उद्योग विसमिति . | राम प्रसाद भुसाल | | ९८४१३४२४७८ | ०१० – ५६०००४ |
| ३९) | जिल्ला खेल्कुद विकास समिति | सन्तोषी बैद्य | | ९८४१६७१८३३ | ०१० – ५६०२८७ |
| ४०) | नुवाकोट वितरण केन्द्र ने.प्रा.वि. | राजेन्द्र कुमार चौधरी | ९८५११६०१७७ | | ०१० – ५६१७०४ |
| ४१) | देविघाट जलविद्युत केन्द्र | रमेश श्रेष्ठ | ९८५११२१०९५ | | ०१० – ५६१०९५ |
| ४२) | नेपाल टेलिकम नुवाकोट | विकास महर्जन | | ९८५१०६८१५५ | ०१० – ५६००६६ |
| ४३) | त्रिशुली जलविद्युत केन्द्र | बाबु राजा महर्जन | ९८५११६०९९२ | | ०१० – ५६००७६ |
| ४४) | इलाका प्रशासन कार्यालय सातबिसे | रविन्द्र पोखेल | ९८५१२४२२२७ | | ०१० ६३०००० |
| ४५) | खाद्य प्रविधि तथा गुण नियन्त्रण | प्रवेश पोखेल | ९८५१२३०८४९ | | ०१० ५६१७२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | डिभिजन | | | | |
| ४६) | जिल्ला ट्राफिक प्रहरी कार्यालय | गुण निधि खकुरेल | ९८५११३३१०५ | ९८५१२८२३३५ | |
| ४७) | साल्ट ट्रेडिङ क. | प्रकाश उप्रेती | ९८५१३११०७२२ | ९८६००८४२२२ | |
| ४८) | नेपाल बैंक लि | सुजन राज कर्णिकार | ९८५११०३३५१ | | |
| ४९) | राष्ट्रिय वाणिज्य बैंक | रिमा श्रेष्ठ | | ९८५१२५१५०० | |
| ५०) | कृषि विकास बैंक | तीर्थराज सिलवाल | | ९८४१२८२७६० | |
| ५१) | राष्ट्रिय बीमा कम्पनी | प्रल्हाद भक्त पाण्डे | | ९८४३०३७९९० | |
| ५२) | कृषि सामग्री कम्पनी लि. | गोमादेवी राई | | ९८४९६७२८०५ | ०१० ५६०११४ |
| ५३) | यान्त्रिक कार्यालय | प्रदिप कुमार श्रेष्ठ | ९८५१३१७३५३ | ९८५१२५४३४३ | |
| ५४) | भू तथा जलाधार कार्यालय | राजु दाहाल | ९८५१३१५५२४ | | |

## जिल्लास्थित स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षहरूको विवरण

| सि.नं. | गा.पा./न.पा.को नाम | प्रमुखको नाम | मोवाईल नं. | उप प्रमुखको नाम | मोवाईल नं. |
|---|---|---|---|---|---|
| १. | विदुर नगरपालीका | राजन श्रेष्ठ | ९८५१०६४०८७ | प्रभा बोगटी | ९८५११३४३५६ |
| २. | बेलकोटगढी नगरपालीका | जगत बहादुर गुरुङ | ९८५१२५३०१० | शिव प्रसाद दाहाल | ९८५१२३२४०५ |
| ३. | म्यागङ गाउँपालीका | आशा तामाङ | ९८४१७५९१०८ | सिता तामाङ | ९८४१५४८९३१ |
| ४. | किस्पाङ गाउँपालीका | विरबल तामाङ | ९८५११७५५२८ | अर्जुन प्रसाद न्योपाने | ९८५१२१६५७४ |
| ५. | तारकेश्वर गाउँपालीका | शिव अधिकारी | ९८५१०९३५०४ | हरि प्रसाद रिमाल | ९८५११३८४०० |
| ६. | सूर्यगढी गाउँपालीका | सन्त बहादुर तामाङ | ९८५११४७४३२ | मन्जु बुढाथोकी | ९८५१०६२०७८ |
| ७. | लिखु गाउँपालीका | ध्रुव श्रेष्ठ | ९८५१०५३५१६ | शुभद्रा अधिकारी | ९८४३४७९२४० |
| ८. | तादी गाउँपालीका | सन्तमान तामाङ | ९८५१०७४५२५ | सन्जु प्याकुरेल | ९८५११३२५९३ |
| ९. | शिवपुरी गाउँपालीका | गोविन्द थपलिया | ९८५१०३३१६९ | विर बहादुर तामाङ | ९८४१५८०५१३ |
| १०. | पञ्चकन्या गाउँपालीका | रमेश लामा | ९८४१८६७४२९ | विमला के.सी. | ९८५१०२९८५६ |
| ११. | ककनी गाउँपालीका | सुमन तामाङ | ९८४३४८१७३४ | मिठुमाया लामा | ९८६०३८५९३४ |
| १२. | दुप्चेश्वर गाउँपालीका | शंकर बहादुर थापा | ९८५११८७३३० | माकुरी तामाङ | ९८०३३०८१५० |

# विभिन्न कार्यक्रम तथा तस्विरहरु

## क. सेवा प्रवाह सम्बन्धी

१.शारीरिक तथा मानसकि अशक्त भएकालाई घरदैलोमा नै सेवा प्रदान गरिने कार्यक्रम अन्तर्गत तारकेश्वर गाउँपालिका ६ गुरासे मझुवा बस्ने शारीरिक तथा मानसिक रुपमा अशक्त सन्तोषी रिमाललाई प्रमुख जिल्ला अधिकारी किरण थापा सहितको टोलिबाट मिति २०८०।०३।१२ गते नागरिकताको प्रमाणपत्र प्रदान गरियो।



२.अशक्त नागरिकहरुलाई घरदैलो सेवा प्रवाह कार्यक्रम अन्तर्गत लकोटगढी नगरपालिका वडा नंबे. ३ कुमरी बस्ने् कान्छो बजगाईको छोरी वर्ष १६ की मानसिक र शारीरीकरुपमा अशक्त रहेकी रोजिना बजगाईलाई घरदैलोमा नै पुगी सहायक प्रमुख जिल्ला अधिकारीबाट सम्बन्धित वडा कार्यालयको समन्वयमा नागरिकता प्रदान गरिदै तस्विर





३.यस जिल्लामा राष्ट्रिय परिचयत्र पत्रको वडा तहबाट नै विवरण संकलन अभियान अन्तर्गत म्यागङ गा.पा. र दुप्चेश्वर गा.पा. मा सम्पन्न भए पश्चात तारकेश्वर गाँउपालिकामा राष्ट्रिय परिचयपत्रको विवरण संकलन वडातहबाट नै सुरु गर्नको लागी प्रमुख जिल्ला अधिकारी श्री किरण थापाज्यु लगायत सुरक्षा निकाय तथा पालिकको सहभागितामा अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रमको तस्विर




४. कार्यालय परिसरमा विदुर न.पा.को सहयोगमा राष्ट्रिय परिचय पत्र र राहदानी फारम निःशुल्क फारम भर्ने व्यवस्था मिलाईएको । तस्विर






## ख. विपद व्यस्थापन सम्बन्धी राहत र उद्दार

१. जिल्ला विपद व्यवस्थापन समितिको तर्फबाट प्रमुख जिल्ला अधिकारी ज्यूबाट पहिरोका कारण मृत्यु भएका बेलकोटगढी १२ बस्ने मृतक मनकुमार तामाङको परिवालाई नगद रु २ लाख तथा खाद्य सामग्रीहरु प्रदान गरिदै ।





२. मिति २०८०।०३।२७ गतेका दिन बेलुका १८:०० नुवाकोट लिखु गा.पा. वडा नं. ५ स्थित लिखु खोला पारी खेतमा कामगरी फर्कने क्रममा एक्कासी लिखु खोला बढेर आए पश्चात ऐ.ऐ.बस्ने निम्न व्यक्तीहरु दुई तर्फ बाट लिखु खोला बगेको र बिचमा टापु आकारको स्थानमा अलपत्र परेको भन्ने जानकारी पश्चात प्रहरी टोली र शसस्त्र प्रहरी को सहयोगमा ऐ. ऐ. २१:३० बजेको समयमा ४ जनालाई सकुसल उद्धार गरी सुरक्षित स्थानमा पठाईएको





३. मिति २०८०।०१।२१ गते मोटरेबल वोटबाट बाढी/नदीमा परेकाहरुको खोज उद्दार सम्बन्धी ("अभ्यास मनसुन ३") अभ्यास नुवाकोट जिल्ला विदुर न.पा वडा नं ९ स्थित सिलटयाङकीमा रहेको त्रिशुली जलविद्युत गृहको पोखरी गरियो । उक्त कार्यक्रममा जबर जगं गण, जिल्ला प्रहरी कार्यालय नुवाकोट, सशस्त्र प्रहरी वल नेपाल, नं १९ गुल्म नुवाकोट, रेडक्रस सोसाईटिका तालिम प्राप्त जनशक्तिहरुबाट गरीएको थियो। उक्त कार्यक्रममा विपद व्यवस्थापन समितिका पदाधिकारी, जिल्ला समन्वय समिति प्रमुख, सुरक्षा निकाय प्रमुखहरु, जिल्ला स्थिति कार्यालयका प्रमुख, गैर सरकारी संस्थाका प्रतिनिधि, स्थानीय नागरिकहरुको उपस्थिती रहेको थियो ।


विपद् पूर्वतयारी तथा प्रतिकार्य Simulation Exercise
अभ्यास मनसुन-३



# ग. दिवस सम्बन्धी

१. मिति २०८०/०३/११ गते लागु औषध दुरुपयोग तथा अवैध ओसार पसार विरुद्धको अन्तराष्ट्रिय दिवसको अवसरमा सुरक्षा निकाय प्रमुखहरु, जिल्ला स्थिति कार्यालयका प्रमुख, गैर सरकारी संस्थाका प्रतिनिधि, स्थानीय नागरिकहरुको उपस्थितिमा प्रभातफेरी र प्रवचन कार्यक्रमका तस्विरहरु






२. वश्व योग दिवसको अवसरमा आयोजना गरिएको कार्यक्रमका २०८० तस्विरहरु





**३.** गणतन्त्र दिवसको अवसरमा आयोजित कार्यक्रमको झलक २०८०/०२/१५




४. सं वधान दिवसको अवसरमा प्रभातफेरी कार्यक्रम




**५. प्रजातन्त्र दिवसको अवसरमा गरिएको प्रभातफेरी कार्यक्रम**







६. वश्व उपभोक्त अ धकार दिवसको अवसरमा गरिएको कार्यक्रमका तस्विर


विश्व उपभोक्ता अधिकार दिवस
१ चैत्र, २०७९ ( March 15, 2023)
राष्ट्रिय नारा
"नेपालका लागि स्वच्छ उर्जा मार्फत् उपभोक्ता सशक्तिकरण"
"Empowering Consumers Through Clean Energy Transition"
सहजीकरण
घरेलु तथा साना उद्योग कार्यालय
नुवाकोट


विश्व उपभोक्ता अधिकार दिवस
१ चैत्र, २०७९ ( March 15, 2023)
राष्ट्रिय नारा
"नेपालका लागि स्वच्छ उर्जा मार्फत् उपभोक्ता सशक्तिकरण"
"Empowering Consumers Through Clean Energy Transition"
सहजीकरण
घरेलु तथा साना उद्योग कार्यालय
नुवाकोट
आयोजक
जिल्ला प्रशासन कार्यालय
नुवाकोट

# घ. अनुगमन सम्बन्धी

१.प्रमुख जिल्ला अ धकारी एवं सुरक्षा निकायका पदा धकारीहरुबाट मति2080⁄02⁄10 गते शवपुरी-१ स्थित प्रहरी चौकी पाटी भञ्ज्याङ, अनुगमन ।




२. प्रमुख जिल्ला अ धकारी एवं सुरक्षा निकायका पदा धकारीहरुबाट मति2080/02/10 गते प्रहरी चौकी देउरालीमा अनुगमन ।




३. मति २०८०/०२/०९ गते वदुर-३ स्थित वपद व्यवस्थापन गोदाम घरको प्रमुख जिल्ला अ धकारी सहीत जिल्ला सुरक्षा स मति तथा नेपाल रेडक्रस सोसाईटीका पदा धकारीको उपस्थितिमा अनुगमन



४. प्रमुख जिल्ला अ धकारी तथा सुरक्षा निकायका पदा धकारीहरुबाट निमार्ण धन वकास योजनाहरु अनुगमन तस्विर ।




५. जिल्लास्तरीय अनुगमन तथा मूल्यांकन समितिबाट त्रिशुली ३ ए कार्यालयहरु अनुगमन गरिएको तस्विर



५. मति २०७९/०५/२७ गते नुवाकोट जिल्ला वदुर नगरपा लका वडा नं. ३, ४ र ५ स्थित दे वघाट, ब ार बजार क्षेत्रमा रहेका बजार पसलहरूमा सहायक प्रमुख जिल्ला अ धकारीको संयोजकत्वमा घरेलु तथा साना उद्योग कार्यालय, खाद्य तथा गुण नियन्त्रण कार्यालय, प्रहरी कार्यालय, पत्रकार सहितको टोलीबाट बजार अनुगमन गरीयो। अनुगमनको क्रममा व्यवसाय दर्ता नवीकरण, मूल्य सूची, नापतौल, खाद्यवस्तु उत्पादनको मति, म्याद समाप्त मति, खरिद बील र बिक्री बीलको निरीक्षण गरियो । तस्विर




PEPSI



# ङ. विविध कार्यक्रम

१. मिति २०८०/०३/०६ गतेका दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा जिल्ला स्थित कार्यालय प्रमुखहरुसंग भएको अन्तरक्रिया तथा जिल्ला स्थित कार्यालय प्रमुखहरुको बैठकका तस्विरहरु





२. कसुरजन्य सम्पत्ति व्यवस्थापन वभागबाट आयोजना गरिएको अन्तर क्रया कार्यक्रमको तस्विर २०८०/०२/२२





**३. सुचना आयोग नेपालको आयोजनामा मिति 2080/03/25 गते  गरिएको कार्यक्रको तस्विर**

